# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १२**

मिति २०८०।०८।२४

## छलफल तथा निर्णय

निर्णयहरु :

१. समिति सचिवले तयार गरेको अर्थ, विकास तथा प्राकृतिक श्रोत, २०८० को कार्यविधिको मस्यौदा समितिका सदस्यहरुलाई अध्ययन गर्ने प्रयोजनका लागि वितरण गरियो । उक्त मस्यौदाको पुर्ण अध्ययन गरी समितिको आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

२. भौतिक पुर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट हालसम्म सञ्चालनमा ल्याएका प्रदेश गौरवका योजनाहरु, विभिन्न बहुवर्षिय आयोजनाहरु तथा चालु आ.व.मा स्विकृत भएका विकास निर्माणका योजनाहरुको सम्बन्धमा तपशिल बमोजिमको ढाँचाको विवरण माननीय सदस्यहरुको स्व-अध्ययन र समितिमा अभिलेख राख्ने प्रयोजनार्थ तत्काल माग गर्ने निर्णय गरियो ।

बहुवर्षिय ठेक्काको लागि

| सि.नं. | आयोजनाको विवरण (नाम, ठेगाना) | स्विकृत लागत अनुमान | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | निर्माण व्यवसायी | प्रगति % | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

चालु आ.व.का योजनाको लागि

| सि.नं. | योजनाको विवरण (नाम, ठेगाना) | स्विकृत लागत अनुमान | कार्यान्वयनको अवस्था | कार्यान्वयनमा गएको भए | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | निर्माण व्यवसायी | |
| | | | | | | | |

३. गत आ.व. र चालु आ.व. को हालसम्म सुदूरपश्चिम प्रदेश सरकारले के कति राजश्व संकलन गऱ्यो? राजश्व संकलनको क्षेत्रगत विवरण र संघ र स्थानीय तहबाट रोयल्टी बाँडफाँडबाट के कति आम्दानी भयो? लगायतका विवरण समितिमा अभिलेख राख्ने प्रयोजनका लागि आर्थिक मामीला मन्त्रालयबाट माग गर्ने निर्णय गरियो ।

# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १२**

मिति २०८०।०८।२४

## छलफल तथा निर्णय

४. समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालयहरुले सञ्चालन गरेका विकास निर्माणका योजनाहरु हालसम्म पनि सम्पन्न नभएको, चालु आ.व.मा स्विकृत योजनाहरु कार्यान्वयनमा नआएका भन्ने जनगुनासो बढ्दै गएकोले समितिले त्यसलाई आफ्नो बिजनेस भित्र राखि प्रदेश सरकारका सम्पुर्ण बहुवर्षिय ठेक्का तथा अन्य योजनाहरुको स्थलगत अनुगमन गर्ने । स्थलगत अनुगमनका सम्बन्धमा विस्तृत कार्यविवरण समितिको आगामी बैठकले तय गर्ने निर्णय गरियो ।

५. अर्थ विकास तथा प्राकृतिक श्रोत समितिका माननीय सदस्य शिवसिंह ओलीकी ६९ वर्षिय ममतामयी आमा मनकला वलीको मिति २०८०।०८।१६ गतेका दिन भएको असामयिक निधनको खबरले अत्यन्तै मर्माहित बनाएको छ । दु:खको यस घडीमा स्व. मनकला ओलीप्रति भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो ।